**Prithvi Wangmaya**
[A Peer-Reviewed & NepJOL Indexed Journal]
Vol. 15, 2025 [Print ISSN: 2565-490X]
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# अनुसन्धानमा पूर्वकार्य समीक्षा लेखन
## [Writing Reviews in Research]

**सुरज पौडेल [Suraj Poudel]**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
[Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara]

**Article History:**
Receved 22 June 2025, Reviewed 18 July 2025, Accepted 06 September 2025
**Corresponding Author:**
Suraj Poudel; Email: poudelsuraj91@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85747

## सार [Abstract]

प्रस्तुत लेख अनुसन्धानको महत्त्वपूर्ण पक्षका रूपमा चिनिने पूर्वकार्य समीक्षाको सैद्धान्तिक पक्षका बारेमा चर्चा गर्दै यसका केही नमुनाहरू प्रस्तुत गर्ने उद्देश्यले तयार पारिएको हो । यो लेख भाषा, साहित्यका क्षेत्रमा गरिने गुणात्मक अनुसन्धानमा केन्द्रित छ । यसमा खासगरी पूर्वकार्य समीक्षाको परिचय, यसको आवश्यकता वा प्रयोजन, समीक्षाका चरणहरू, समीक्षा लेखनका विधिका बारेमा स्पष्ट पारिएको छ । यसले अनुसन्धानलाई औचित्यपूर्ण बनाउन सहयोग गर्दछ । पूर्वकार्यको समीक्षामा मूलतः अनुसन्धान क्षेत्र र समस्यासँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिन्छ । यो समस्याकथन र उद्देश्य निर्धारणमा सहयोगी बन्दछ । कुनै पनि अनुसन्धान विशिष्ट प्राज्ञिक जिज्ञासा वा समस्यामा आधारित हुन्छन् र ती समस्यासँग आंशिक वा पूर्ण रूपले सम्बन्धित भएर त्यसअघि कुनै न कुनै किसिमका कार्य गरिएका हुन्छन् । तिनै कार्यको समीक्षा गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । यहाँ पूर्वकार्य समीक्षा लेखनका परम्परित र नवीन विधिका बारेमा चर्चा गर्दै अन्त्यमा समग्र लेखको निष्कर्ष प्रस्तुत गरिएको छ । [The present paper aims to formulate theoretical frameworks for a literature review, which is an essential component of research. This paper has focused on qualitative research in the areas of language and literature. It has dealt with writing the introduction of literature review, its implications and use, stages of literature review, and methods of writing literature reviews. This study will help researchers to

*Copyright 2025 © The auther/s. This work is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

make their research significant. Past studies review the research domain and issues of related literature. Thus, literature review becomes helpful to formulate the statement of the problem and the objectives. Research depends on research question or issue, which is related to the previous studies whether it is partial or full. Therefore, any studies conducted before the actual research takes place is called literature review. This paper discusses the traditional as well as new metods of writing literature reviews with its overall conclusion.]

**शब्दकुञ्जी** [Keywords]: पूर्वकार्य, प्राज्ञिक जिज्ञासा, शोधसमस्या, पुनरावलोकन [Past studies, research question, problem statement, review]

## विषयपरिचय

पूर्वकार्य समीक्षा अनुसन्धानको आधारशिला हो, जसले शोधार्थीलाई अध्ययन क्षेत्रको समग्र दृष्टिकोण प्रदान गर्दछ । पूर्वकार्यको शाब्दिक अर्थ पहिला गरिएका कार्य भन्ने हुन्छ । तिनै पूर्वकार्यको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षालाई सम्बद्ध साहित्यको पुनरावलोकन पनि भनिन्छ । सम्बद्ध साहित्यको पुनरावलोकनले अनुसन्धानकर्तालाई उसको अनुसन्धानका लागि सैद्धान्तिक धरातल प्रदान गर्छ र उक्त धरातललाई नै आधार बनाएर उसले आफ्नो अनुसन्धानलाई सम्पन्न गर्छ (निउरे, २०७२, पृ. ३२) । कुनै पनि वैज्ञानिक खोज तथा प्राज्ञिक अनुसन्धान पूर्वकार्यको अध्ययनबाट नै आरम्भ हुन्छ । पूर्वकार्यको समीक्षा समग्र अनुसन्धान प्रक्रियाको एउटा अभिन्न अङ्ग हो जसले अनुसन्धान प्रक्रियाका प्रत्येक चरणका बारेमा सही निर्णय गर्न सघाउ पुर्‍याउँछ (कुमार, सन् २००५, पृ. ३०) । पूर्वकार्यको समीक्षाविना कुनै पनि अनुसन्धानले पूर्णता प्राप्त गर्न सक्दैन । सम्पन्न गर्न लागिएको अनुसन्धान चाहे गुणात्मक होस् वा परिमाणात्मक अथवा मिश्रित नै किन नहोस् उक्त अनुसन्धानलाई अर्थपूर्ण बनाउनका लागि सम्बन्धित पूर्वकार्यको समीक्षा अत्यावश्यक हुन्छ ।

पूर्वकार्यको समीक्षा प्रत्यक्षतः अनुसन्धानसँग जोडिएको विषय हो । अनुसन्धान कार्य 'उनीहरू भन्छन्, म भन्छु' (they say, i say) सँग सम्बन्धित हुन्छ । यसले आफ्नो लेखनलाई पूर्वअध्येताहरूसँग जोड्ने कार्य गर्दछ । वास्तवमा पूर्वअध्येताहरूसँग संवाद गर्दै आफ्नो लेखनलाई आवश्यक पर्ने कुराहरू लिएर सम्बन्ध स्थापना गर्नु नै पूर्वकार्यको समीक्षा हो । विशेषतः पुराना वैज्ञानिकहरूद्वारा सम्पादन गरिएका कार्यहरूको संगठित संरचनालाई नै प्राविधिक रूपमा साहित्य वा पूर्वकार्य भनिन्छ (सिंह, सन् २००६, पृ.२६) । अध्येताले आफ्नो रुचिका आधारमा शोधक्षेत्रको निर्धारण गरिसकेपछि गर्ने पहिलो कार्य भनेकै पूर्वकार्यको समीक्षा हो ।

सामान्यतया पूर्वकार्यको समीक्षा शोधक्षेत्र र समस्याको निर्धारणपछि गरिने भए पनि शोधार्थीको शोधसम्बन्धी रुचिक्षेत्र पत्ता लगाएपछि पूर्वकार्यको अध्ययन गर्न सकिन्छ । आदर्श अनुसन्धान सदैव पूर्वकार्यको पर्यवलोकनबाटै प्रारम्भ हुन्छ (श्रेष्ठ, २०७७, पृ. १२) । पूर्वकार्यको समीक्षाले अनुसन्धानरूपी महल खडा गर्न जगको काम गर्दछ । जगलाई जति बलियो बनाउन सक्यो उति नै ठुलो महल खडा गर्न सकिन्छ । यसर्थ पूर्वकार्यको समीक्षा अनुसन्धानको आधारस्तम्भ हो । गे (सन् १९७६) का अनुसार अनुसन्धान समस्यासँग सम्बन्धित सूचनाहरू रहेका दस्तावेजहरूको व्यवस्थित पहिचान र विश्लेषण नै सम्बद्ध पूर्वकार्यको समीक्षा हो (पृ.४१) ।

पूर्वकार्यको समीक्षाले गर्न बाँकी कामको सङ्केत गर्ने भएकाले शोधार्थीलाई शोधकार्यमा अगाडि बढ्न मार्ग प्रशस्त गर्दछ ।

निचोडमा भन्दा पूर्वकार्यको समीक्षा भनेको पूर्व कार्यसँगको आफ्नो प्राज्ञिक संलग्नता हो, पूर्वकार्यमाथिको विमर्श, तर्क, खण्डनमण्डन, आलोचनात्मक समीक्षा, संश्लेषण र विश्लेषण हो । त्यसभन्दा बढी पूर्व अध्ययनमा रहेका अभावको खोजी हो ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख मूलतः गुणात्मक ढाँचामा आधारित छ । लेख सामान्यतः सैद्धान्तिक एवम् समीक्षात्मक प्रकृतिको भएकाले पुस्तकालय कार्यको उपयोग गरी पूर्वकार्य समीक्षासँग सम्बन्धित सामग्रीको अध्ययनबाट तयार पारिएको छ । खास गरी क्रेसवेल, कोठारी, फ्लिक, कुमार, श्रेष्ठ आदिका पूर्वकार्य लेखनसम्बन्धी चिन्तनलाई अध्ययनको मूल सैद्धान्तिक आधार बनाइएको छ । आवश्यकताअनुसार पूर्वअध्येताहरूसँग संवाद गर्दै लेखकीय दाबीलाई तर्कसङ्गत पुष्टि गरिएको छ ।

## पूर्वकार्यसमीक्षाको आवश्यकता

आवश्यकता नै आविष्कारको जननी हो भनेझैं विना प्रयोजन पूर्वकार्यको समीक्षा गरिँदैन । कुनै पनि शोधार्थीले आफ्नो शोधकार्यलाई औचित्यपूर्ण बनाउन आफ्नो शोधशीर्षकसँग सम्बन्धित पूर्वकार्यको समीक्षा गर्दछ । पूर्वकार्य समीक्षा गर्नुको मूल प्रयोजन अनुसन्धान अन्तराल (research gap) पत्ता लगाउनु अर्थात् अनुसन्धानका लागि भर्जिन क्षेत्र (grey area) भेट्टाउनु हो । अनुसन्धान गर्नका लागि देखिने खाली ठाउँलाई नै अनुसन्धान अन्तराल भनिन्छ । अनुसन्धान अन्तराल वा रिक्तता ठम्याउन नसक्दासम्म शोधसमस्या र शीर्षकको निर्धारण गर्न सकिँदैन र शोधको औचित्य पुष्टि गर्न सकिँदैन (घर्ती, २०८०, पृ. ५६) । रिक्तता केवल समस्या वा मुद्दाको मात्र नखोजेर विधिपद्धति, समय र सन्दर्भ, जनसङ्ख्या र नमुना तथा समग्र अनुसन्धानको प्राप्ति र निष्कर्षमा देखिएको रिक्तताको पनि खोजी गर्न सकिन्छ । अनुसन्धानको सच्चा प्रारम्भ नै अनुसन्धान अन्तरालको खोजबाट हुन्छ । अन्तराल नै कतै देखिएन भने अनुसन्धान सम्भव हुँदैन । अन्तराल नदेखिएको अवस्थामा गरिएको अनुसन्धान सक्कल बमोजिमको नक्कल (cutting and pasting) मात्र हुन्छ (श्रेष्ठ, २०७७, पृ. ९) । अनुसन्धान कार्य आफैँमा शोधभूमिबाट शोधग्रहसम्मको यात्रा भएकाले शोधभूमिमा प्रवेश गर्नका लागि पूर्वकार्यले मद्दत पुऱ्याउँछ ।

पूर्वकार्यको समीक्षाले शोधार्थीलाई शोधक्षेत्र र शोधसमस्याको निर्धारणदेखि शोधनिष्कर्षलाई उचित ढङ्गले प्रस्तुत गर्न सघाउ पुर्याउँदछ । यसका साथै शोधको क्षेत्र र सीमा निर्धारण गर्न, तथ्य सङ्कलनका स्रोतहरू पहिल्याउन, अनुसन्धान ढाँचा छनोट गर्न, विश्लेषणको ढाँचा तयार गर्न, उद्देश्य र विधि निर्धारण गर्न, अनपेक्षित पुनरावृत्ति हटाउन समेत समीक्षित पूर्वकार्यले सहयोग गर्दछ । शोधको शीर्षक चयनदेखि प्राक्कल्पनाको निर्माण गर्न, पूर्वअध्येताहरूलाई जस दिन र अनुसन्धान परम्परालाई आपसमा जोड्न पनि पूर्वकार्यको समीक्षा गरिन्छ । शोधशीर्षकमा रहेका विभिन्न चरहरूको पहिचान र आपसमा तिनीहरूको सम्बन्ध स्थापित गर्नका लागि पनि पूर्वकार्य समीक्षाको आवश्यकता पर्दछ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई शोधकार्यका निष्कर्षहरूको मूल्याङ्कन गर्ने अन्तरदृष्टि प्रदान गर्नुका साथै भावी अनुसन्धान कार्यलाई विस्तार गर्न मद्दत गर्दछ (

क्रेसवेल, सन् २०१४, पृ. २३) । साथै सम्बन्धित क्षेत्रमा गरिएका पूर्वकार्यहरूको संश्लेषण गर्ने उद्देश्यले पनि पूर्वकार्यको समीक्षा गरिन्छ ।

## पूर्वकार्य समीक्षाको प्रक्रिया

पूर्वकार्य समीक्षाको आफ्नै किसिमको निश्चित प्रक्रिया छ । हुन त विभिन्न विद्वानहरूले पूर्वकार्यका प्रकार र प्रक्रियालाई भिन्नभिन्न तरिकाले वर्गीकरण गरेका छन् । खासगरी कोठारी (सन् २००४) ले पूर्वकार्यलाई अवधारणात्मक र आनुभविक भनी वर्गीकरण गरेका छन् (पृ. १२) भने फ्लिक (सन् २०१४) ले सैद्धान्तिक, आनुभविक र पद्धतिपरक गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् (पृ. ६६) । त्यस्तै कुमार ( सन् २००५) ले पूर्वकार्यको खोजी, समीक्षा, सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा निर्माण (पृ. ३२) जस्ता पक्षलाई पूर्वकार्य समीक्षाका प्रक्रियाका रूपमा उल्लेख गरेका छन् । जे होस् पूर्वकार्य समीक्षा एकैचोटि गरिने कार्य नभएर एकपछि अर्को गर्दै चरणबद्ध रूपमा गरिने कार्य हो ।

पूर्वकार्यको समीक्षा गर्दा सर्वप्रथम शोधक्षेत्रको निर्धारण गर्नुपर्छ । शोधक्षेत्रको निर्धारण नै नगरी पूर्वकार्यको समीक्षा गर्ने कार्यले शोधार्थीलाई कुहिराको कागजस्तै बनाउँछ । तसर्थ शोधार्थीले पूर्वकार्यको समीक्षा गर्नुपूर्व शोधको रुचिक्षेत्र निर्धारण गर्नु वाञ्छनीय हुन्छ । शोधको रुचिक्षेत्र निर्धारणपछि दोस्रो चरणमा स्रोतको पहिचान र सत्यापन गर्नु आवश्यक मानिन्छ । पूर्वकार्यको समीक्षाका लागि मुख्य स्रोत भनेका विज्ञ वा स्रोत व्यक्ति, पुस्तकालय र इन्टरनेट नै हुन् । उक्त स्रोतमा पाइने पुस्तक, पत्रपत्रिका, जर्नल, थेसिस, निर्देशिका, कानुनी दस्तावेज, पाठ्यक्रम, विनियम वा कार्यविधि, श्रव्य दृश्य सामग्री, डायरी, फोटो, अन्तर्वार्ता, वक्तव्य, मिटिङ निर्णय, शब्दकोश, पुनरावलोकन प्रतिवेदन, मोनोग्राफ, वेबलेख, पुराना अभिलेख, कार्यपत्रहरू, अनुसन्धान प्रतिवेदन, संघसंस्थाका प्रतिवेदनहरू, शोधसार, पाण्डुलिपि आदिलाई पूर्वकार्यको समीक्षाका लागि उपयोग गर्न सकिन्छ । तर पहिचान गरिएका यी सामग्रीहरू आधिकारिक, स्तरीय र सम्भव भएसम्म पछिल्लो समयका हुनु उपयुक्त मानिन्छ । कहिलेकाहीँ शोधक्षेत्रको प्रकृतिअनुरूप पुराना सामग्रीको पनि पुनरावलोकन गर्नुपर्ने अवस्था आउन सक्छ ।

पूर्वकार्य समीक्षा प्रक्रियाअन्तर्गतको तेस्रो चरणमा सामग्रीको सङ्कलन र वर्गीकरण गरिन्छ । माथि भनिएझैँ सम्बन्धित विषयका विज्ञ, पुस्तकालय र इलेक्ट्रोनिक डाटाबेसलाई स्रोत बनाएर पूर्वकार्यको समीक्षाका लागि सामग्री सङ्कलन गर्न सकिन्छ । कम्प्युटर डाटाबेसमार्फत अत्यन्तै ठुलो सङ्ख्यामा अनुसन्धान तथा सैद्धान्तिक सामग्री प्राप्त हुन्छन् । यसका लागि मुख्य शब्द (keyword) को प्रयोग गर्नुपर्दछ ( खनाल, २०७७, पृ. ३४) । सङ्कलित सामग्रीलाई सामग्रीको स्वरूपअनुसार वर्गीकरण गरेर समीक्षा गर्नु उपयुक्त मानिन्छ । जस्तो कि सैद्धान्तिक, विषयगत वा आनुभविक, साधारण, नीतिगत साहित्यलाई छुट्याएर समीक्षा गर्न सकिन्छ । सकेसम्म पछिल्लो पाँच वर्षमा सार्वजनिक भएका सामग्रीको सङ्कलन गर्नु वाञ्छनीय ठहर्छ ।

सङ्कलित सामग्रीको अध्ययन र विश्लेषण पूर्वकार्य समीक्षा प्रक्रियाको अर्को चरण हो । यस चरणमा सङ्कलित सामग्रीको गहिरिएर अध्ययन गर्ने, महत्त्वपूर्ण जानकारीलाई टिपोट गर्ने, चिन्ह लगाउने, निष्कर्षलाई विश्लेषण गर्दै अध्ययनको सार खिच्ने गर्नुपर्दछ । साथै रिक्ततालाई केलाउने, समेट्न नसकेका पक्षको विश्लेषण गर्ने, शक्ति र सीमा केलाउँदै मूल्याङ्कन गर्नु उपयुक्त मानिन्छ । सङ्कलित सामग्रीको अध्ययन, विश्लेषणपश्चात् समीक्षा लेखनको महत्त्वपूर्ण चरणमा प्रवेश

गरिन्छ । समीक्षा लेखनका भिन्नभिन्न तरिका र नमुना पछिल्लो शीर्षकमा उल्लेख गरिएको छ । तापनि शोधार्थीले तटस्थ किसिमले पूर्वकार्य तथा पूर्वअध्येताप्रतिको सम्मानभाव कायमै रहने गरी समीक्षा लेखन गर्नुपर्दछ । आनुभविक कार्यको समीक्षा लेखनमा मूलतः उद्देश्य, विधि, प्राप्ति र निष्कर्ष, उपयोगिता, रिक्तता, शक्ति र सीमाको मूल्याङ्कन, प्रस्तावित शोधसँगको सम्बन्धको व्याख्या गर्ने कार्य पर्दछन् ।

समीक्षा लेखन सँगसँगै सन्दर्भाङ्कनको काम गर्न सकिन्छ भने समीक्षा लेखनपछि सन्दर्भसूची तयार गर्नुपर्दछ । सन्दर्भाङ्कन गर्ने र सन्दर्भसूची तयार गर्ने विभिन्न ढाँचाहरू छन् । ती ढाँचाहरूमध्ये एपिए र एमएलए बढी प्रयोग प्रचलनमा देखिन्छन् । शैक्षिक तथा अनुसन्धानका क्षेत्रमा एपिए पद्धतिको उपयोग गरिएको पाइन्छ भने मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा एमएलए पद्धति बढी प्रचलित देखिन्छ । जे होस् समीक्षाको काम सकिएपछि सन्दर्भ व्यवस्थापन गर्नु उपयुक्त मानिन्छ ।

## पूर्वकार्य समीक्षा लेखनका विधि र नमुना

पूर्वकार्यको समीक्षाले शोधार्थीलाई अध्ययनको योजना निर्माणको चरणदेखि प्रतिवेदन लेखनको चरणसम्म निर्देशित गर्ने तथा आवश्यक जानकारी समेत उपलब्ध गराउन सहयोग गर्दछ । पूर्वकार्यको समीक्षा गर्दा शोधप्रस्तावको निर्माण गर्ने क्रममा समीक्षा गरिएका सामग्रीलाई मात्र अन्तिम प्रतिवेदनमा प्रस्तुत गर्नु हुँदैन । शोधप्रतिवेदनलाई अन्तिम रूप दिने बेलासम्म कुनै महत्त्वपूर्ण सामग्री सार्वजनिक भइसकेको छ भने त्यसको समीक्षालाई पनि समावेश गर्नुपर्दछ । समीक्षाको आयतन कत्रो बनाउने भन्ने कुरा शोधार्थीको लेखन कुशलतामा भर पर्दछ । समीक्षामा अनावश्यक विस्तार र पूर्वकार्यको विवरण मात्र प्रस्तुत गर्नु पनि उचित हुँदैन । एउटा शोधमा कतिवटा पूर्वकार्यको समीक्षा गर्ने भन्ने कुरा सामग्रीको उपलब्धता, शोधक्षेत्र र समस्या, शोधको तहमा निर्भर गर्दछ । कुनै पनि उपयुक्त शोधशीर्षकमा शोधक्षेत्र र शोधसमस्या रहन्छन् । जस्तै :

| **शोधक्षेत्र** | **शोधसमस्या** |
|---|---|
| कठपुतला कथासङ्ग्रहमा | उत्तरआधुनिक नारीवाद |
| कार्निभल कथासङ्ग्रहमा | विनिर्माण |
| नेपाली भाषाको औपचारिक सिकाइप्रति | विद्यार्थीको अभिप्रेरणा |
| नेपाली भाषा कक्षामा | सिकाइ सहजीकरण |
| आधारभूत तहको नेपाली भाषा कक्षामा | बालमनोविज्ञान |
| कक्षा सातमा अध्ययनरत विद्यार्थीको | नेपाली भाषा सिकाइ उपलब्धि |
| ध्रुवचन्द्र गौतमका उपन्यासमा | अस्तित्ववाद |
| रमेश विकलका कथामा | प्रगतिवादी चेतना |
| प्रिया ! मुक्तकसङ्ग्रहमा | सामयिक यथार्थता |

शोधक्षेत्रको अध्ययनले शोधार्थीलाई शोधसमस्याको किटान गर्न मद्दत गर्दछ । अनुसन्धान कार्यमा समस्या अनिवार्य हुन्छ (श्रेष्ठ, २०७७, पृ. १०) । मूलतः शोध समस्यामा केन्द्रित भएर पूर्वकार्यको समीक्षा गरिन्छ । यसको अर्थ शोधक्षेत्रको समीक्षा गरिनु हुँदैन भन्ने होइन । कहिलेकाहीँ शोधशीर्षकको प्रकृति हेरी शोध क्षेत्रको समीक्षा गर्नुपर्ने अवस्था आउन सक्छ । बरु शोधसमस्याको किटान गर्दा सावधानीपूर्वक गर्नुपर्दछ । विचार नपुर्याई समस्या किटान गरी शोधकार्यलाई अगाडि बढाउँदा समस्या नै नभेटाएर शोधयात्राकै बिचमा दुर्घटित हुनुपर्ने अवस्थाबाट सदैव सचेत र सजग हुनुपर्दछ । यसका लागि शोधक्षेत्र र पूर्वकार्यको अध्ययन अनिवार्य हुन्छ । शोधक्षेत्रमा समस्या घटित भएकै हुनुपर्छ । अन्यथा शोधकार्यको औचित्य रहँदैन । श्रेष्ठ (२०७७) का अनुसार पूर्वकार्य समीक्षा लेखनका मूलतः दुई विधिहरू १) कालक्रमानुगत विधि र २) विषयगत विधि (thematic method)

प्रयोग प्रचलनमा छन् (पृ. १३) । पूर्वकार्य समीक्षा लेखनका यिनै दुई विधिको सङ्क्षिप्त परिचय र विधिअनुरूपका पूर्वकार्य समीक्षा लेखनका नमुनालाई निम्नानुसार उल्लेख गरिएको छ :

## कालक्रमानुगत विधि र यसको नमुना

यो परम्परागत विधि भएर पनि सर्वथा प्रचलित र लोकप्रिय मानिन्छ। यस विधिले मुख्यतः शोधसमस्यासँग सम्बन्धित अध्ययन परम्पराको इतिहासलाई परिलक्षित गर्दछ। सम्बन्धित विषयको अध्ययन परम्पराले कि त उही कुरो एकपछि अर्को गर्दै विद्वान् समालोचकहरूले आआफ्नो भाषा र शैलीमा पुनरुक्ति गरिरहेका हुन्छन् कि त नयाँनयाँ कोणबाट त्यही विषयको अध्ययन परम्परालाई विस्तार गरिरहेका हुन्छन् ( श्रेष्ठ, २०७७, पृ. १५) । यो पूर्वकार्य समीक्षा लेखनको सरल तरिका हो। यसमा समीक्षाका लागि छनोट गरिएका सामग्रीलाई कालक्रमअनुसार छलफल गरी प्रस्तुत गरिन्छ ।

आनुभविक प्रकृतिका पूर्वकार्यको समीक्षा गर्दा सामान्यतया पूर्वकार्यको सङ्क्षिप्त विवरण, समस्या र उद्देश्य, विधि, प्राप्ति र निष्कर्ष, सम्बन्ध र उपयोगिता, शक्ति र सीमाको मूल्याङ्कन तथा शोधअन्तराललाई सङ्क्षेपमा प्रस्तुत गरिन्छ। तर सैद्धान्तिक तथा नीतिगत साहित्यको समीक्षा गर्दा यी सबै पक्षहरू समाविष्ट हुँदैनन् । यस विधिलाई आधार मानेर तयार पारिएका पूर्वकार्य समीक्षा लेखनका केही नमुना निम्न छन् :

### नमुना १

न्यौपाने (२०५७) ले 'अग्निदत्त+अग्निदत्त उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा अग्निदत्त+अग्निदत्त उपन्यासको विभिन्न कोणबाट विश्लेषण गर्दा अस्तित्ववादी कोणबाट समेत सङ्क्षिप्त अध्ययन गरेका छन्। उपन्यासकी पात्र वृक्षाका क्रियाकलापमा अस्तित्ववादी प्रवृत्ति पाइने कुरा न्यौपानेले गरेका छन्। वृक्षाले आफ्नो रूप र सौन्दर्यबाट प्रभावित युवकदेखि वृद्धसम्मलाई तिरस्कार गर्नु, रामबहादुरको मोटरसाइकलमा नचढ्नु, मनोजले दिएको घडी अस्वीकार गर्नु, ज्ञानबहादुरको गाडीबाट बिच बाटामै झर्नु, नयाँ अग्निदत्तसँग पुनः प्रेम नगरी क्षार सरोवरतिर जानुले अस्तित्ववादी प्रवृत्तिलाई बोध गराएका छन्। यस पूर्वअध्ययनमा अग्निदत्त + अग्निदत्त उपन्यासमा अस्तित्ववादी दृष्टिको अभिव्यक्ति भएको छ भनिए पनि त्यसै सिद्धान्तलाई आधार बनाई उक्त उपन्यासको गहन विश्लेषणको अपर्याप्तता देखिएको छ (पृ. १४) ।

### नमुना २

पौडेल (२०७२) को 'नेपाली भाषा सिकाइमा बालविकासको प्रभाव' शीर्षकको विद्यावारिधि अनुसन्धानमा नेपाली भाषा सिकाइमा बालविकासले पार्ने प्रभावको विश्लेषण गर्ने उद्देश्य राखिएको छ। निरन्तर प्रकृतिको गुणात्मक ढाँचामा आधारित भनिएको प्रस्तुत अध्ययनमा संस्थागत विद्यालयको कक्षा ३ मा अध्ययनरत ३२ जना बालबालिकालाई प्रतिक्रियादाताका रूपमा छनोट गरी अवलोकन र अन्तर्वार्ताका माध्यमबाट सूचना वा तथ्य सङ्कलन गरिएको छ। सङ्कलित सूचना वा तथ्याङ्कलाई प्रतिशताङ्क, औसत गणना, स्तम्भचित्र र मानक विचलनमा प्रस्तुत गरी व्याख्या, विश्लेषण गरिएको छ। उक्त अध्ययनले भाषा सिकाइ र बालविकासका बिचको सम्बन्ध अटुट एवम् घनिष्ठ रहेको आधार र प्रमाणहरू प्रस्तुत गरेको छ। यसले भाषिक तथा उमेरगत परिपक्वता अनायास र एकैपटक आउने कुरा नभई विकासको नियमितता र क्रमिकताभित्र

क्रमशः अन्तरसम्बन्धित भएर आउने कुराको आधार अगाडि सारेको छ। नेपाली भाषाको औपचारिक सिकाइमा बालविकास र अन्य प्रभावकहरूको प्रभाव प्रबलतालाई मात्र हेरिएको छ। यसमा अनौपचारिक भाषा सिकाइमा बालविकासको प्रभावसम्बन्धी व्यापक क्षेत्रको तुलनात्मक अध्ययन हुन सकेको छैन। यस अध्ययनलाई गुणात्मक प्रकृतिको भनिए पनि यसमा प्रस्तुत गरिएका तथ्याङ्क सङ्कलनका उपकरण र तथ्याङ्कले पूर्णरूपमा गुणात्मक हो भन्ने कुरालाई पुष्टि गर्दैनन्। यद्यपि यस अध्ययनले बालविकास र भाषा सिकाइको अन्तरसम्बन्ध बुझ्न प्रायोगिक र सैद्धान्तिक ज्ञान प्रदान गरेको छ। नेपाली भाषाको औपचारिक सिकाइप्रति विद्यार्थीको अभिप्रेरणासम्बन्धी अध्ययन प्रस्तुत शोधकार्यले नगरेको हुनाले अध्ययनका लागि रिक्तता देखिएको छ (पृ. १९)।

## विषयगत विधि र यसको नमुना

विषयगत विधि (thematic method) लाई पूर्वकार्य समीक्षा लेखनको नवीन पद्धति मानिन्छ। यसलाई पूर्वकार्य समीक्षाको एकीकृत विधि पनि भनिन्छ। पूर्वकार्य समीक्षा लेखनका यी दुवै वैकल्पिक विधिहरू किमार्थ होइनन् किनभने यीमध्ये कुन विधि औचित्यपूर्ण र समुचित हुन्छ भन्ने कुरो शोध शीर्षकको प्रकृतिमा निर्भर गर्दछ (श्रेष्ठ, २०७७, पृ. १४)। सामान्यतया शोधशीर्षकले एउटै मात्र चरको सङ्केत गरेमा कालक्रमानुगत विधि र दुई वा सोभन्दा बढी चरको सङ्केत गरेमा विषयगत विधिको उपयोग गरी पूर्वकार्य समीक्षा लेखन गर्न सकिन्छ। तुलनात्मक रूपमा विषयगत विधिभन्दा कालक्रमानुगत विधि नै पूर्वकार्य समीक्षा लेखनका लागि सरल र सहज मानिन्छ किनकि प्रायः शोधार्थीहरू यसमा बानी पर्दै आएका छन्। तर नेपालका सन्दर्भमा पछिल्लो समय विषयगत विधिलाई आधार बनाएर पूर्वकार्यको समीक्षा गर्न थालिएको पनि छ। यस विधिअनुसार पूर्वकार्यको समीक्षा लेखन गर्दा सामान्यतः शोधशीर्षकमा रहेका चरहरूको पहिचान गरी तिनै चरहरूलाई थिम बनाएर एउटा थिमसँग भए गरेका सम्पूर्ण पूर्वकार्यहरूलाई एकै ठाउँमा ल्याएर समीक्षा गरिन्छ। यसले अनावश्यक पुनरावृत्तिलाई रोक्नुका साथै पूर्वकार्य समीक्षालाई छरितो र प्रभावकारी बनाउने विश्वास गरिएको छ। कालक्रमानुगत विधिमा सैद्धान्तिक, आनुभविक र नीतिगत साहित्यलाई छुट्टाछुट्टै शीर्षकमा राखेर समीक्षा गर्ने प्रचलन रहेको छ भने विषयगत विधिमा थिमअन्तर्गत राखेर एकीकृत रूपमै समीक्षा गर्ने गरिएको पाइन्छ। यसमा मूलतः समान विषय वा अवधारणालाई एकसाथ समेटी समूहगत विश्लेषण गरिन्छ। विषयगत समीक्षा लेखनका क्रममा सर्वप्रथम थिममा आधारित भएर शीर्षवाक्य वा विचारवाक्य प्रस्तुत गर्ने तथा बिचमा तर्क, तथ्य, परिभाषा, उदाहरण, पूर्वकार्यको प्राप्ति र निष्कर्षलाई सन्दर्भाङ्कनसहित प्रस्तुत गर्नुपर्दछ। त्यसपछि शोधार्थीको समालोचनात्मक दृष्टि उल्लेख गरी निष्कर्षात्मक वाक्यले बिट मार्नु उपयुक्त मानिन्छ।

'आधारभूत तहको नेपाली भाषा कक्षामा बालमनोविज्ञान' शीर्षकको अनुसन्धान कार्यका लागि विषयगत विधिअनुसार पूर्वकार्यको समीक्षा लेखन गर्दा 'बालमनोविज्ञान' (समस्या) मा केन्द्रित भएर निम्न थिमहरू बनाई समीक्षा गर्न सकिन्छ :

क) बाल वा बालक

ख) मनोविज्ञान

ग) संवेग र संवेगात्मक अभिव्यक्ति

घ) सामाजिक समूह र व्यवहार

ङ) भाषिक अभिव्यक्ति

च) ग्रन्थि

## विषयगत समीक्षाको नमुना

### बाल वा बालक

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा निर्माण भएका संविधान, ऐन, कानुन र महासन्धिहरूले 'बालक' लाई परिभाषित गर्दै उसको विकास, हक र न्यायसम्बन्धी कुरा उल्लेख गरेका छन् । नेपाली बृहत शब्दकोशमा सानो उमेरका व्यक्ति, केटाकेटीलाई बालक भनी चिनाइएको छ । सन् १९८९ नोभेम्बर २० तारिखका दिन संयुक्त राष्ट्र संघ महासभाले बालअधिकारसम्बन्धी महासन्धि पारित गर्दै महासन्धिको धारा १ मा "राष्ट्रिय कानुनले बाल्यावस्थाको न्यूनतम उमेर नतोकिदिएसम्म १८ वर्षभन्दा मुनिका सबै मानिसलाई बालबालिका मानिने" उल्लेख गरेको छ (प्रधान र धिताल, सन् २०१२, पृ. १३) । नेपालले पनि यो महासन्धिलाई अनुमोदन गरेको छ । तर नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ मा १६ वर्ष उमेर नपुगेका सम्मलाई बालबालिका मानिएको छ भने बालश्रम (निषेध र नियन्त्रित गर्ने) ऐन, २०५६ ले १४ वर्षमुनिका बालबालिकालाई श्रमिकका रूपमा लगाउन नहुने, १६ वर्ष नपुगेका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाइने जस्ता नियमहरू लागु गरेको छ (प्रधान र धिताल, सन् २०१२, पृ. ४८ - ५२) । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकासम्बन्धी हकको व्यवस्था छ । बालबालिकालाई आफ्नो पहिचानसहित जन्मदर्ता, परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्वको विकास, प्रारम्भिक बालविकास र बालसहभागिता, बालअनुकूल न्याय आदिको हक हुने उल्लेख गरिएको छ । नेपालका पूर्ववत् कानुनमा १६ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालक भनिए पनि पछिल्ला कानुनमा १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालक जनाइएको छ (पाण्डे, मिति उल्लेख नभएको, पृ. १४) । यसरी हेर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय पछिल्ला कानुनमा १८ वर्षमुनिका मानिसलाई बालक भनिएको छ ।

राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनले कुनै व्यक्तिलाई बालबालिका निर्धारण गर्न निजको उमेरलाई आधार मानेको पाइन्छ । तर बालबालिका निर्धारणको आधार उमेर मात्रै नभएर उसको शारीरिक र मानसिक विकासलाई पनि मान्न सकिन्छ । सामान्यतः जन्मदेखि शारीरिक र मानसिक परिपक्वता नआउन्जेलसम्मको औसत अवधिलाई बाल्यकाल मान्नु उपयुक्त देखिन्छ । मनोवैज्ञानिकहरूले पनि बालबालिका निर्धारणको आधार जैविकतालाई मानेका छन् । नेपालका सन्दर्भमा सामाजिक रूपमा महिनावारी ( रजस्वाला) सुरुवात नभएकी बालिकालाई कन्याको दर्जा दिइन्छ भने विर्य स्खलन (उत्पादन) भइनसकेको केटालाई बालकको संज्ञा दिइन्छ । जे होस् बाल्यकाललाई मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण, संवेदनशील र नाजुक अवस्थाको अवधिका रूपमा लिइन्छ । बाल्यकालमा भोगेका, देखेका कुराहरूले मानिसको सम्पूर्ण जीवनलाई प्रभावित पारिरहेको हुन्छ । समग्रमा भन्दा शारीरिक र मानसिक रूपमा परिपक्व भइनसकेका १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनिन्छ ( पौडेल, २०८०, पृ. ७) ।

## निष्कर्ष

पूर्वकार्य समीक्षा अनुसन्धानको आधारशिला हो । यसले अध्ययन क्षेत्रसँग सम्बन्धित सैद्धान्तिक र व्यावहारिक ज्ञानको समालोचनात्मक

विश्लेषणलाई जनाउँछ । सुव्यवस्थित र समालोचनात्मक पूर्वकार्य समीक्षा लेखनले अनुसन्धानको गुणस्तर, मौलिकता र प्रभावकारिता बढाउँछ । साथै सम्बन्धित विषयको सैद्धान्तिक जग निर्माण गर्न र अध्ययनको औचित्य पुष्टि गर्न सघाउ पुर्याउँछ । यसले समग्र अनुसन्धान प्रक्रियालाई दिशानिर्देश गर्नुका साथै समस्या पहिचान र उद्देश्य निर्धारणमा सहयोग गर्दछ । त्यसैले अनुसन्धान कार्यको प्रारम्भिक चरणमै पूर्वकार्य समीक्षालाई वैज्ञानिक र व्यवस्थित ढङ्गले सम्पन्न गर्नु आवश्यक देखिन्छ । पूर्वकार्य समीक्षाका क्रममा शोधार्थीसामु आधिकारिक स्रोतको अभाव, सामग्रीको अनावश्यक पुनरावृत्ति, पूर्वाग्रहयुक्त व्याख्या विश्लेषण, समय र स्रोत व्यवस्थापनमा ध्यान नपुग्ने जस्ता समस्या देखा पर्न सक्छन् । यस्ता समस्या वा चुनौतीबाट बच्न र शोधयात्रालाई सम्भावित दुर्घटनाबाट बचाई सफल अवतरण गराउनका लागि शोधार्थी सदैव सचेत र सजग हुनुपर्दछ । अनि मात्र पूर्वकार्य समीक्षा लेखनको औचित्य पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


खनाल, पेशल (२०७७), *शैक्षिक अनुसन्धान पद्धति* (तेस्रो संस्क.), सनलाइट पब्लिकेसन ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* अनुसन्धान विमर्श नेपाल ।

निउरे, ध्रुवप्रसाद (२०७२), *अनुसन्धान पद्धति* ( तेस्रो संस्क.), क्वेस्ट पब्लिकेसन प्रा.लि.।

न्यौपाने, श्रीधर (२०८०), “ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद”, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

पौडेल, सुरज (२०७९), ‘नेपाली भाषाको औपचारिक सिकाइप्रति विद्यार्थीको अभिप्रेरणा’, अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन, पृथ्वीनारायण क्याम्पस अनुसन्धान तथा आविष्कार केन्द्र ।

पौडेल, सुरज (२०८०), ‘आधारभूत तहको नेपाली भाषा कक्षामा बालमनोविज्ञान’, अप्रकाशित विद्यावारिधि शोधप्रस्ताव, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ।

श्रेष्ठ, दयाराम (२०७७), साहित्यको अनुसन्धान व्यवस्थापन, शिखा बुक्स ।

Creswell, J.W. (1014). *Research design M Qualitative, quantitative and mixed methods approaches* (4th ed.). SAGE Publications.

Flick, U. (2014). *An introduction to qualitative research* (4th ed.). SAGE Publications ltd.

Gay, L. R. (1976). *Educational research M Competencies for analysis and application.* A Bell and

Howell Company.

Kothari, C. R. (1976). *Research methodology M Methods and techniques*. (2nd ed.). New Age International p. Ltd.

Kumar, R. (2004). *Research methodology M Step by step guide for beginners*. (2nd ed.). SAGE Publications.

Singh, A. K. (2006). *Test, measurement and research methods in behavioural science*. Bharati Bhawan.